नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सानोठिमी, भक्तपुर

पत्र सङ्ख्या : २०७७/०७८

च.नं. ३६४

मिति : २०७७।११।१९

## विषय : ग्रेडसिट एकिकृत गर्ने सम्बन्धी जरुरी सूचना ।

उपर्युक्त विषयमा विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७२ (चौंथो संशोधन सहित) कार्यान्वयनमा आए पश्चात माध्यमिक शिक्षा परीक्षा कक्षा १० मा सहभागी भई दुई वा सो भन्दा बढि पटक वार्षिक ग्रेडवृद्धि परीक्षार्थीको रुपमा प्राप्त गरेका दुई वा दुई भन्दा बढि ग्रेडसिटहरु एकीकृत गरी एउटै ग्रेडसिटमा GPA समेत खुल्ने गरी बनाउनका लागि निम्न लिखित आधार, प्रमाणहरु सहित परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएका ब्यहोरा अनुरोध छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. अक्षराङ्कन पद्धति अनुसार परीक्षा दिएको सबै वर्षको सक्कल ग्रेडसिट तथा प्रमाणपत्रहरु ।

२. विद्यार्थीहरुले बुझाएको ग्रेडसिटमा प्रयोगात्मक तर्फको ग्रेड नखुलेको विषयमा सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको प्रयोगात्मक अङ्क तालिका ।

३. परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले तोकेको ढाँचाको निवेदन (निवेदन www.see.gov.np बाट डाउनलोड गर्न सकिनेछ) ।

२०७७।११।१९

(रामराज खकुरेल)

नियन्त्रक

फोन न. ०१-६६३०८१९, ०१-६६३०७३९, ०१-६६३००७० फ्याक्स ०१-६६३११४६